**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

१. सेवा तीर्थलाई संवेदनशील, जवाफदेही र नागरिककेन्द्रित शासनको विश्वव्यापी उदाहरण बनाउन केन्द्रीय मन्त्रिपरिषद् प्रतिबद्ध

२. दार्जिलिङले आफ्नो समृद्ध सांस्कृतिक सम्पदा र उच्च सांस्कृतिक स्तर कायम राखेर नाम कमाएको उपराष्ट्रपति सी.पी. राधाकृष्णनको कथन

३. तेलंगानामा आज चार वरिष्ठ नक्सलवादी नेताहरूद्वारा आत्मसमर्पण

४. अनि इङ्गल्याण्डले आज साँझ आईसीसी टी-२० विश्वकपको सुपर आठमा पाकिस्तानको सामना गर्दै

**अब समाचार विस्तारमा**

१. Cabinet Decisions

केन्द्रीय मन्त्रिपरिषद्ले सेवा तीर्थलाई संवेदनशील, जवाफदेही र नागरिककेन्द्रित शासनको विश्वव्यापी उदाहरण बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ। मन्त्रिपरिषद्को बैठकपछि सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले सेवा तीर्थमा भएको पहिलो मन्त्रिपरिषद् बैठकमा पारित सेवा संकल्प प्रस्तावले २०४७ सम्ममा भारतलाई समृद्ध, सक्षम र आत्मनिर्भर राष्ट्र बनाउने दिशामा परिसरलाई राष्ट्रिय आकांक्षाको शक्तिशाली केन्द्र बनाउने संकल्प गरेको बताउनुभयो। Byte….Aswini Seva Tirtha

सूचना तथा प्रसारण मन्त्रीले केरला राज्यको नाम परिवर्तन गरेर केरलम राख्ने प्रस्तावलाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको बताउनुभयो।

आर्थिक मामिला सम्बन्धी मन्त्रिपरिषद् समितिले महाराष्ट्र, मध्य प्रदेश, बिहार र झारखण्डका आठ जिल्लाहरूलाई समेट्ने तीन बहु-ट्र्याकिङ परियोजनाहरूलाई पनि स्वीकृत गऱ्यो। सूचना तथा प्रसारण मन्त्रीले आर्थिक मामिला सम्बन्धी मन्त्रिपरिषद् समितिले श्रीनगर अन्तर्राष्ट्रिय विमानस्थलमा प्रस्तावित सिभिल एन्क्लेभको विकासलाई पनि स्वीकृत गरेको जानकारी दिनुभयो। मन्त्रिपरिषद्ले गुजरात मेट्रो रेल कर्पोरेशन लिमिटेडको उत्तर-दक्षिण करिडोरलाई गिफ्ट सिटीबाट शाहपुरसम्म विस्तार गर्न पनि स्वीकृत गरेको छ। सूचना तथा प्रसारण मन्त्रीले भन्नुभयो, मन्त्रिपरिषद्ले २०२६-२७ मार्केटिङ सिजनको लागि कच्चा जुटको न्यूनतम समर्थन मूल्य स्वीकृत गरेको छ। उहाँले भन्नुभयो, २०२६-२७ सिजनको लागि कच्चा जुटको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल ५,९२५ रुपियाँ तोकिएको छ।

२. PM – Israel Visit

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि इजरायलको दुई दिने भ्रमणका लागि प्रस्थान गर्नु हुनेछ। तेल अभिभमा, प्रधानमन्त्रीले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूसँग व्यापक वार्ता गर्नु हुनेछ। यसैबीच, जेरुसेलममा आकाशवाणी समाचारसँगको विशेष अन्तर्वार्तामा, इजरायलका लागि भारतीय राजदूत जे.पी. सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको इजरायल भ्रमण ऐतिहासिक हुने बताउनुभयो।

३. PM – Dutch PM

प्रधानमन्त्री नरेन्द्र मोदीले आज डच प्रधानमन्त्री रोब जेटेनलाई पदभार ग्रहण गरेकोमा बधाई दिनुभयो। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्री मोदीले भन्नुभयो, भारत र नेदरल्याण्ड्सबीच विभिन्न क्षेत्रहरूमा व्यापक सम्बन्ध छ।

४. SC – Kolkatta HC

सर्वोच्च अदालतले कलकत्ता उच्च अदालतका मुख्य न्यायाधीशलाई पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन संशोधन अन्तर्गत ८० लाख दावी र आपत्तिहरू सम्बोधन गर्न हेतु नागरिक न्यायाधीशहरू तैनाथ गर्न साथै छिमेकी राज्य, झारखण्ड र ओडिशाका न्यायिक अधिकारीहरूलाई बोलाउन अनुमति दिएको छ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

५. BJP – Rahul

भारतीय जनता पार्टी (भाजपा) ले आज भोपालमा आयोजित एक र्‍यालीमा प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध लोकसभाका विपक्षी नेता राहुल गान्धीले गरेको टिप्पणीको निन्दा गरेको छ। नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै भाजपा नेतृ बाँसुरी स्वराजले राहुल गान्धीले घृणा, नकारात्मकता र अराजकता मात्र देख्छन् भन्नुभयो। भाजपा नेतृले एआई शिखर सम्मेलनमा कांग्रेस कार्यकर्ताहरूको व्यवहारले पार्टीको व्यक्तिगत स्वार्थका लागि राष्ट्रको सम्मान बलिदान गर्ने प्रवृत्तिलाई स्पष्ट रूपमा प्रदर्शन गर्दछ भन्नुभयो।

६. Delhi Court - AI Summit - Congress

भारत मण्डपममा भारत एआई इम्प्याक्ट शिखर सम्मेलनको क्रममा भएको विरोध प्रदर्शनको सम्बन्धमा दिल्लीको एक अदालतले भारतीय युवा कांग्रेसका अध्यक्ष उदय भानु चिबलाई चार दिनको प्रहरी हिरासतमा पठाएको छ। अधिकारीहरूका अनुसार, चिबलाई विरोध प्रदर्शनको मुख्य षड्यन्त्रकारी भएको आरोप लगाइएको छ र उनी राष्ट्रविरोधी नारा लगाउनमा संलग्न भएको बताइएको छ। चिबसँगै अन्यलाई पनि हिरासतमा राखिएको छ।

७. VP – Darjeeling Youths

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले दार्जिलिङ आफ्नो समृद्ध सांस्कृतिक सम्पदा र उच्च सांस्कृतिक स्तर कायम राख्ने कारणले परिचित रहेको बताउनुभएको छ। आज नयाँ दिल्लीस्थित उपराष्ट्रपति भवनमा दार्जिलिङ युवा संघका सदस्यहरूलाई सम्बोधन गर्दै सी.पी. राधाकृष्णनले राष्ट्रलाई पहिलो स्थान दिने अटल प्रतिबद्धताबाट प्रत्येक नागरिक प्रेरित हुनुपर्ने बताउनुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै उपराष्ट्रपतिले राष्ट्रिय र क्षेत्रीय हितहरू बीचको सद्भाव आवश्यक रहेको बताउनुभयो। उहाँले देशको परम्परा र सांस्कृतिक सम्पदाको संरक्षण नागरिक र सरकार दुवैका लागि सर्वोपरी हुनुपर्ने बताउनुभयो।

८. Sindhiya – NorthEast

केन्द्रीय पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले दक्षिण दिल्लीको मालवीय नगरमा अरुणाचल प्रदेशका तीन युवतीमाथि भएको जातीय उत्पीडनप्रति चिन्ता व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री सिन्धियाले घटनाको बारेमा अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खान्डुसँग संवाद गरेको बताउनुभयो। उहाँले तत्काल कडा कारबाहीको लागि दिल्ली प्रहरी आयुक्तालयमा यो मुद्दा उठाएको बताउनुभयो। श्री सिन्धियाले प्राथमिकी दर्ता गरिएको र आरोपीलाई चाँडै पक्राउ गरिने आश्वासन दिनुभयो। श्री सिन्धियाले पूर्वोत्तरका जनताको सुरक्षा र मर्यादा अत्यन्त महत्त्वपूर्ण भएको र उनीहरूमाथि हुने कुनै पनि अन्याय नसहने बताउनुभयो।

९. Telangana – Maoists Surrender

तेलंगानाको हैदराबादमा आज चार वरिष्ठ नक्सलवादी नेताहरूले आत्मसमर्पण गरेका छन्। यो माओवादीहरूका लागि ठूलो धक्का मानिएको छ। प्रहरी महानिर्देशकले राज्यका ५९१ माओवादीहरूमध्ये ११ बाहेक सबैले आत्मसमर्पण गरेको जानकारी दिएका छन्।

१०. Brazil – Rain

अब देश बाहिरको खबरः दक्षिणपूर्वी ब्राजिलको जुइज डे फोरा शहरमा भारी वर्षाका कारण चौध जनाको मृत्यु भएको छ। स्थानीय स्रोतले जनाएअनुसार  मुसलधारे वर्षाका कारण ४४० जना विस्थापित भएका छन्। शहरमा आपतकालीन अवस्था घोषणा गरिएको छ। संघीय र राज्य निकायहरूबाट  सहयोगको आह्वान गरिएको छ।

११. Sports News

अब खेल प्रसंगः महिला क्रिकेटमा, ब्रिस्बेनमा खेलिएको तीन खेलको एकदिवसीय शृङ्खलाको पहिलो खेलमा अष्ट्रेलियाले भारतलाई छ विकेटले पराजित गर्‍यो। यसैबीच, श्रीलंकामा, इङ्गल्याण्डले आज साँझ आईसीसी टी-२० विश्वकपको सुपर आठमा पाकिस्तानको सामना गर्नेछ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटक**

१. सेवा तीर्थलाई संवेदनशील, जवाफदेही र नागरिककेन्द्रित शासनको विश्वव्यापी उदाहरण बनाउन केन्द्रीय मन्त्रिपरिषद् प्रतिबद्ध

२. दार्जिलिङले आफ्नो समृद्ध सांस्कृतिक सम्पदा र उच्च सांस्कृतिक स्तर कायम राखेर नाम कमाएको उपराष्ट्रपति सी.पी. राधाकृष्णनको कथन

३. तेलंगानामा आज चार वरिष्ठ नक्सलवादी नेताहरूद्वारा आत्मसमर्पण

४. अनि इङ्गल्याण्डले आज साँझ आईसीसी टी-२० विश्वकपको सुपर आठमा पाकिस्तानको सामना गर्दै